# [*]सूचनादाताको संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** कुनै संस्थामा सार्वजनिक हित विपरितको कार्य भएको, गरेको वा हुन लागेको कुराको सूचना अधिकार प्राप्त अधिकारी समक्ष दिने प्रक्रिया निर्धारण गर्न र सूचनादातालाई त्यस्तो सूचना दिएको कारणबाट हुनसक्ने कुनै किसिमको हानि नोक्सानीबाट संरक्षण प्रदान गरी मुलुकमा सुशासन कायम राख्न वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसद्‌ले यो ऐन बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सूचनादाताको संरक्षण (ह्विसलब्लोअर प्रोटेक्सन) सम्बन्धी ऐन, २०६४" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिबाट एकानब्बेऔं दिनमा प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "सार्वजनिक हित विपरितको कार्य" भन्नाले देहायका कुनै कार्य सम्झनु पर्छः–

(१) प्रचलित कानुन बमोजिम भ्रष्टाचार वा अनुचित मानिने कार्य,

(२) प्रचलित कानुन बमोजिम वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सर्वसाधारणको स्वास्थ्य वा वातावरणमा प्रतिकूल असर पर्न सक्ने भनी निषेध गरेको कार्य वा सार्वजनिक हित विपरित हुने भनी निषेध गरेका अन्य कुनै कार्य ।

(ख) "संस्था" भन्नाले देहायका संस्था सम्झनु पर्छः-

(१) सरकारी कार्यालय, संवैधानिक अङ्ग वा निकाय र सो अन्तर्गतका कार्यालय,

---

[*] आयोगले आर्थिक वर्ष २०६३।०६४ मा सरकारमा पेश गरेको मसौदा ।

नेपाल कानून आयोग

(२) अदालत,

(३) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामीत्व वा नियन्त्रण भएको कम्पनी, बैंक वा समिति वा प्रचलित कानुन बमोजिम नेपाल सरकारद्वारा स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था,

(४) नेपाल सरकारद्वारा संचालित वा नेपाल सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र अन्य त्यस्तै प्राज्ञिक वा शैक्षिक संस्था,

(५) स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम गठित स्थानीय निकाय,

(६) नेपाल सरकारको ऋण, अनुदान वा जमानतमा संचालित संस्था,

(७) उपखण्ड (१),(२),(३),(४),(५) वा (६) मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको वा त्यस्तो संस्थाबाट अनुदान प्राप्त संस्था र

(८) नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी संस्था भनी तोकेको अन्य कुनै संस्था ।

(ग) "अधिकार प्राप्त अधिकारी" भन्नाले संविधान वा प्रचलित कानुन बमोजिम भ्रष्टाचार वा अनुचित कार्यको सम्बन्धमा अनुसन्धान, तहकिकात वा अन्य कुनै कारबाई गर्ने अख्तियार प्राप्त अधिकारी सम्झनु पर्छ र सो शब्दले सार्वजनिक हित विपरितको कार्यको उजुरी सुनुवाई गर्ने अन्य अधिकारी समेतलाई जनाउँछ ।

(घ) "कर्मचारी" भन्नाले कुनै संस्थामा कार्यरत रहेको कर्मचारी सम्झनु पर्छ र सो शब्दले कुनै संस्थाबाट अवकाश प्राप्त गरेको मितिले एक वर्षभित्र यस ऐन बमोजिम सो संस्थासँग सम्बन्धित सूचना दिने व्यक्ति समेतलाई जनाउँछ ।

(ङ) "सूचना" भन्नाले कुनै कर्मचारीले आफू कार्यरत रहेको संस्थामा सार्वजनिक हित विपरितको कार्य भए गरेको वा हुन लागेको भनी यस ऐन बमोजिम अधिकार प्राप्त अधिकारी समक्ष दिएको जानकारी सम्झनु पर्छ र सो शब्दले त्यस्तो

नेपाल कानून आयोग

जानकारीको विश्वसनीयताको लागि पेश गरिएको सम्बद्ध कुरा समेतलाई जनाउँछ ।

(च) “सूचनादाता” भन्नाले सूचना दिने कर्मचारी सम्झनु पर्छ ।

(छ) “संरक्षण” भन्नाले यस ऐन बमोजिम सूचनादातालाई उपलब्ध गराइने सुरक्षा सम्बन्धी व्यवस्था तथा सुविधा सम्झनु पर्छ ।

(ज) “तोकिएबमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएबमोजिम सम्झनु पर्छ ।

## परिच्छेद–२

## सूचना दिने सम्बन्धी व्यवस्था

३. **सूचना दिन सक्ने**: (१) कुनै संस्थामा सार्वजनिक हित विपरितको कार्य भएको, गरेको वा हुन लागेको विश्वास गर्नुपर्ने मनासिब आधार सहितको जानकारी पाएको कर्मचारीले सोको सूचना सम्बन्धित अधिकार प्राप्त अधिकारी समक्ष दिन सक्नेछ ।

(२) अधिकार प्राप्त अधिकारीले उपदफा (१) बमोजिम प्राप्त भएको सूचनाको अभिलेख राख्नु पर्नेछ ।

४. **सूचनाको गोप्यता**: (१) अधिकार प्राप्त अधिकारीले दफा ३ बमोजिम आफू समक्ष प्राप्त हुन आएको सूचना र त्यस्तो सूचना राखेको अभिलेख गोप्य राख्नु पर्नेछ ।

(२) अधिकार प्राप्त अधिकारीले सूचनादाताको अनुरोधमा निजको पहिचान गोप्य राख्नु पर्नेछ ।

(३) दफा ३ बमोजिम प्राप्त हुन आएको सूचना  जिम्मामा रहेको कुनै अधिकृतले त्यस्तो सूचना यस ऐन बमोजिम बाहेक अन्य कुनै किसिमले कुनै अनधिकृत व्यक्तिलाई दिनु वा सो को गोप्यता भङ्ग गर्न हुँदैन ।

तर अदालत वा प्रचलित कानुन बमोजिम अनुसन्धान गर्ने अधिकारीलाई त्यस्तो सूचना दिंदा गोप्यता भङ्ग गरेको मानिने छैन ।



नेपाल कानून आयोग

## परिच्छेद–३

## सूचनादाताको संरक्षण सम्बन्धी व्यवस्था

५. **सूचनादातालाई संरक्षण दिने अवस्थाः** (१) सूचनादातालाई देहायका अवस्थामा संरक्षण प्रदान गरिनेछः–

(क) सूचनामा उल्लिखित सार्वजनिक हित विपरितको कार्य गम्भीर प्रकृतिको कार्य भएको,

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनको लागि "गम्भीर प्रकृतिको कार्य" भन्नाले सरकारी वा सार्वजनिक सम्पत्ति हानि नोक्सानी पुऱ्याउने, हिनामिना गर्ने, गैरकानुनी लाभ प्राप्त गर्ने तथा राष्ट्रिय वा सार्वजनिक जीवनमा सर्वसाधारणलाई नकारात्मक असर पर्ने कुनै पनि किसिमको कार्य सम्झनु पर्छ ।

(ख) सूचना आधारयुक्त, विश्वसनीय र विषयसँग सम्बन्धित भएको,

(ग) सूचनादातालाई संरक्षण प्रदान नगरिएमा निजको सेवा वा वृत्ति विकासमा प्रतिकूल असर पर्न सक्ने सम्भावना भएको वा निजलाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको भौतिक क्षति पुग्न सक्ने सम्भावना भएको ।

(२) सूचनादाताले संरक्षणको लागि लिखित रूपमा अनुरोध गरेमा अधिकार प्राप्त अधिकारीले निजलाई संरक्षण प्रदान गर्नुपर्नेछ ।

नेपाल कानून आयोग

६. **संरक्षण तथा सुविधाः** (१) कुनै सूचनादातालाई दफा ५ बमोजिम संरक्षण प्रदान गर्नुपर्ने भएमा त्यस्तो सूचनादातालाई देहायको संरक्षण तथा सुविधा प्रदान गरिनेछः-

(क) सूचना दिएको कारणले मात्र सूचनादातालाई निजको सेवा शर्त सम्बन्धी कानुन बमोजिम विभागीय कारबाही वा सरुवा गर्ने वा बढुवा लगायतका वृत्ति विकासमा प्रतिकूल असर पर्ने गरी कुनै किसिमको कारबाही नगरिने,

(ख) सूचनादातालाई सूचना दिएको कारणले मात्र थुनामा नराखिने,

(ग) सूचनादाताले सूचना दिएको आधारमा मात्र कुनै मुद्दा नचलाइने ।

(२) अधिकार प्राप्त अधिकारीले सूचनादातालाई संरक्षण प्रदान गर्दा देहाय बमोजिमको संरक्षणको व्यवस्था समेत गर्न सक्नेछः-

(क) स्थानान्तरण गर्ने,

(ख) आर्थिक सहायता उपलब्ध गराउने,

(ग) जीउ, धन वा सेवाको सुरक्षा तथा वृत्ति विकासको संरक्षणको लागि आवश्कतानुसार उपयुक्त व्यवस्था गर्ने र

(घ) अन्य उपयुक्त व्यवस्था गर्ने ।

(३) सूचनादाताले दिएको सूचनाको आधारमा अधिकार प्राप्त अधिकारीले अनुसन्धान तथा तहकिकात गर्दा त्यस्तो सूचनादातालाई सम्पर्क राख्ने र निजको सुरक्षा प्रयोजनको लागि आवश्यक भएमा सूचनादाताले अर्कै नाम वा पहिचान प्रयोग गर्न सक्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचनादातालाई नयाँ पहिचान दिंदा तत्सम्बन्धी कागजातमा सूचनादाताको औंठाको छाप वा नयाँ ठेगाना समेत उल्लेख गर्नु पर्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिम दिइएको नयाँ पहिचान तथा तत्सम्बन्धी विवरण अधिकार प्राप्त अधिकारीले सम्बद्ध व्यक्ति तथा अधिकारीलाई गोप्य रूपमा उपलब्ध गराउन सक्नेछ ।

(६) कुनै सूचनादाताले आफूले दिएको सूचना र सोसँग सम्बन्धित आफूसँग भएको कुनै जानकारी अधिकार प्राप्त अधिकारी बाहेक अन्य कसैलाई बताउन निजलाई कर लाग्ने छैन ।

नेपाल कानून आयोग

७. **नयाँ पहिचानको प्रयोग गर्न नहुनेः** दफा ६ को उपदफा (३) बमोजिम अधिकार प्राप्त अधिकारीले एउटा प्रयोजनको लागि दिएको पहिचान सूचनादाताले अधिकार प्राप्त अधिकारीको अनुमति नलिई अन्य प्रयोजनको लागि प्रयोग गर्नुहुँदैन ।

८. **संरक्षण प्रदान गर्दा शर्त तोक्ने सक्नेः** (१) यस ऐन बमोजिम अधिकार प्राप्त अधिकारीले सूचनादातालाई संरक्षण प्रदान गर्नु अघि आवश्यक शर्तहरू तोकी संरक्षण प्रदान गर्ने व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अधिकार प्राप्त अधिकारीले संरक्षण प्रदान गर्ने सम्बन्धमा तोकेका शर्तहरू सम्बन्धित सूचनादाताले पालना गर्नु पर्नेछ ।

९. **संरक्षण प्रदान गर्न नहुनेः** (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको सूचना दिने सूचनादातालाई अधिकार प्राप्त अधिकारीले यस ऐन बमोजिमको संरक्षण प्रदान गर्नु हुँदैनः–

(क) अधिकार प्राप्त अधिकारीको जानकारीमा आइसकेको वा प्रकाशन वा प्रसारण भइसकेको सूचना,

(ख) प्रचलित कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचना,

(ग) आधारहीन, अविश्सनीय र असम्बन्धित सूचना,

(घ) व्यक्तिगत रिस इबी साँध्ने उद्देश्यले दिएको सूचना ।

(२) उपदफा (१) बमोजिम संरक्षण प्रदान गर्न नपर्ने भएमा सो कुरा खुलाइ अधिकार प्राप्त अधिकारीले सूचनादातालाई त्यस्तो जानकारी दिनु पर्नेछ ।

१०. **संरक्षणको समाप्तिः** (१) अधिकार प्राप्त अधिकारीले देहायका अवस्थामा सूचनादातालाई यस ऐन बमोजिम प्रदान गरेको संरक्षण समाप्त गर्न सक्नेछ :–

(क) सूचनादाताले संरक्षण नचाहिने भनी लिखित अनुरोध गरेमा,

(ख) सूचनादाताले दफा ८ बमोजिम तोकिएको शर्तको उल्लंघन गरेमा,





नेपाल कानून आयोग

(ग) सूचनादाताले अधिकार प्राप्त अधिकारीलाई आफूले दिएको सूचना सार्वजनिक गरेमा ।

(२) उपदफा (१) बमोजिम अधिकार प्राप्त अधिकारीले सूचनादातालाई प्रदान गरिएको संरक्षण समाप्त गरेमा सो को जानकारी तुरुन्त सम्बन्धित सूचनादातालाई दिनु पर्नेछ ।

## परिच्छेद–४

## कसुर तथा सजाय

११. **कसुर तथा सजायः** यस ऐन बमोजिम गोप्य राख्नु पर्ने सूचना अधिकार प्राप्त अधिकारी वा निकायको आदेशले बाहेक सार्वजनिक गरेमा त्यस्तो कर्मचारीलाई कसुरको मात्रा अनुसार पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

१२. **झुट्ठा उजूरी गर्नेलाई सजायः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैले व्यक्तिगत रिस इबी साँध्ने उद्देश्यले वा कसैको चरित्रमा आघात पार्ने बदनियतले कुनै आधार विना अधिकार प्राप्त अधिकारीलाई झुट्ठा सूचना दिएको देखिएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सूचनादातालाई दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

१३. **सरकारवादी हुनेः** (१) दफा ११ बमोजिम कसुर ठहर्ने मुद्दा नेपाल सरकारवादी भई अधिकार प्राप्त अधिकारीको नामबाट अदालतमा दायर गरिनेछ र त्यस्तो मुद्दाको अनुसन्धान तथा तहकिकात अधिकार प्राप्त अधिकारीले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्धा दायर गर्ने विषयमा सरकारी वकिलको राय लिनुपर्नेछ ।

## परिच्छेद–५

## विविध

१४. **आदेश कार्यान्वयन गर्नुपर्नेः** सूचनादाताको संरक्षण र सूचनाको अनुसन्धान तथा तहकिकातको सम्बन्धमा अधिकार प्राप्त अधिकारीले दिएको आदेशको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

नेपाल कानून आयोग

१५. **प्रमाण सम्बन्धी विशेष व्यवस्थाः** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको सूचनादाताले दिएको सूचनाको आधारमा अनुसन्धान तथा न्यायिक काम कारबाहीमा निजको पहिचान खोलिने छैन् । त्यस्तो व्यक्तिको प्रचलित कानुन बमोजिम परीक्षण गर्नुपर्दा बन्दसवालबाट प्रश्न गरिनेछ ।

१६. **प्रोत्साहन, सुविधा तथा पुरस्कार सम्बन्धी व्यवस्थाः** सूचनादाताबाट प्राप्त सूचनाको आधारमा अधिकार प्राप्त अधिकारीले गरेको अनुसन्धान तहकिकातको कार्य सफल भएमा नेपाल सरकारले त्यस्तो सूचनादातालाई सूचनाको महत्व र विश्वसनीयताको आधारमा तोकिएबमोजिम प्रोत्साहन तथा पुरस्कार दिन सक्नेछ ।

१७. **संक्षिप्त कार्यविधि अपनाउनु पर्नेः** यस ऐन बमोजिमको मुद्दामा कारबाई र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

१८. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

१९. **खारेजीः** सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा २९ खारेज गरिएको छ ।

नेपाल कानुन आयोग